# नीति तथा कार्यक्रम बिरालो बाँधेर श्राद्ध गर्ने काममात्रै हो

पुष्पा केसी– वामपन्थी–राष्ट्रवादीहरु सम्मिलित दुई तिहाई बहुमतको सरकार ढल्दाढल्दै बचेर नीति तथा कार्यक्रम सार्वजनिक गर्न सफल भएको छ। आफ्नो आयुको हेक्का नराखी महत्वाकांक्षी रुपमा पेश भएको नीति तथा कार्यक्रम यसअघिका जस्तै परम्परा धान्ने र केही नयाँ कुराहरु थपिएका छन्।

उच्च आकांक्षा, आर्थिक विकासको महत्वाकांक्षा, जनजीविका सलरबनाउने अनेक फुर्का गाँसेर आएको नीति तगा कार्यक्रमप्रति कतिपय व्यवसायी, अर्थविद् राजनीतिक नेता लगायतले यो नीति तथा कार्यक्रम कागजमा मात्र सुहाउँदो तर बिना पूर्वाधार तयार पारिएको अभिव्यक्तिहरु दिन थालेका छन्।

सरकारले आइतबार प्रस्तुत गरेको नीति तथा कार्यक्रम बिरालो बाँधेर श्राद्ध गर्ने काम मात्र भएको अर्थशास्त्री पोष राज पाण्डेले बताउनुभयो। सबै विषयलाई समेट्ने काम भएको तर सबैलाई महत्व दिएको जस्तो देखिने त्यसमा विशेष महत्वको विषय कुन हो भन्ने स्पष्ट नभएको पनि पाण्डेले जानकारी दिनुभयो।

पाण्डेले भन्नुभयो, “मुख्य विषय लोडसेडिङ घटाउनेदेखि लिएर रेल वे, सडक विस्तारदेखि चन्द्रमा मै पुग्ने गरी स्याटलाइट पनि आफैले बनाउने जस्तो गरिरा’छ। तर यसको लागि स्रोत कहाँ छ त ? एकातिर हामीसँग स्रोत नै छैन। स्रोत भए पनि त्यसलाई कार्यन्वयन गर्ने हामीहरुसँग क्षमता छ त ? हामीसँग क्षमता नै नभएको अवस्थामा यस्तो महत्वकांक्षि सपना बाडेर केही होला जस्तो लाग्दैन।

मैले देखेको अहिले सरकारले गर्नुपर्ने दुईवटा काम हो। एउटा संविधानको कार्यन्वयन र भूकम्पपछिको पुनः निर्माण। यी दुई विषयलाई राखेर त्यसमा हामीहरु यो यो काम गर्छौं भनेर अरु भएका कामहरुलाई निरन्तरता दिन्छौँ भनेको भए भैहाल्थ्यो। ३२/३३ पेजको सबै कुरा समेटेका छौँ भनेर सबैलाई राख्नै पर्ने। भएका पुराना कार्यक्रमलाई हामी कार्यन्वयन गर्छौं भन्ने प्रतिवद्धता दिएको भए पुग्ने थियो।”

नेकपा एमालेका सचिव प्रदिप ज्ञवालीले नेपाल सरकारको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रम नेपालमा नयाँ संविधान घोषणा भैसकेपछिको नयाँ युगको पहिलो दस्तावेजको रुपमा प्रस्तुत गरिएको बताउनुभयो। यो नीति तथा कार्यक्रमले संविधानले समतामूलक समाजिक न्याययुक्त संमृद्ध समाजको परिकल्पना गरे अनुरुप त्यो परिकल्पनालाई आत्मसाथ गर्ने प्रयास गरेको ज्ञवालीले बताउनुभयो।

उहाँले यो नीति तथा कार्यक्रमले संविधानको कार्यन्वयनको विषयलाई एकदम फोकस गरेको भन्दै समृद्धिको जग बसाल्न कृषि, उर्जा लगायतका महत्वपूर्ण विषलाई जोड दिएको बताउनुभयो। साथै उहाँले विभिन्न जाति र पीछडिएका समुदायलाई सामाजिक न्याय र सुधारका कार्यक्रममार्फत अगाडी सारिएको र बाह्य सम्बन्धलाई पनि राम्रो बनाउने लगायतका विषयलाई यसले समेटेको बताउनुभयो।

यो सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारी भएन भन्ने अहिले बाहिर आइरहेको विषयमा ज्ञवाली भन्नुहुन्छ, “विगतका दिनमा पनि नीति तथा कार्यक्रम यसरी नै प्रस्तुत गर्दै आइएको छ। यसै आधारमा यो बर्षको बजेट आउने हुदाँ नीति तथा कार्यक्रमले परिकल्पना गरेका विषयहरुलाई ठोस र मूर्त रुप दिन्छ।

बिना आधार यो नीति तथा कार्यक्रम ल्याइएको, बढि महत्वकांक्षा भएको तथा यसको कार्यन्वयन गर्न गाह्रो छ भन्ने मुलतः राजनीतिक टिकाटिप्पणी हो भन्ने मलाई लाग्दछ। यसमा कुनै बलियो आधार छैन।"

त्यस्तै नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदिप पौडेलले यो नीति तथा कार्यक्रमभित्र भाषिक दृष्टिकोणले समावेश गरिएको विषय वस्तुहरु कतिपय नयाँ देखिएको बताउनुभयो। तर मुख्य गरी यी सबै नीति तथा कार्यक्रममा प्रस्तुत गर्नका लागि मात्रै बनाइएको जस्तो देखिन्छ। त्यसमा कुनै आधारहरु तयार गरिएको छैन। त्यसलाई कसरी कार्यन्वयन गर्ने हो कुनै निश्चित योजना तयार गरिएको छैन।

खाली मानिसहरुलाई सुन्नमा मिठास आउने गरी मात्रै प्रस्तुत गर्न खोजिएको जस्तो देखिन्छ। त्यसैले निश्चित आधारहरु तयार पारेर प्रस्तुत गरिएका कार्यक्रमहरुलाई कार्यन्वयन गर्न परिणाममुखि बनाउनका लागि त्यसको पूर्वाधार सहित प्रस्तुत गरिएको नदेखिएको पौडेलले बताउनुभयो।

भाषिक कुरा पहिले पनि राम्रो आउने गरेको भन्दै पौडेलले त्यसको भरपर्दो आधार पहिले पनि नभएको र अहिले पनि नभएकोले परम्परागत प्रवृतिलाई नै पछ्याउने काम भैरहेको बताउनुभयो।